बैठक संख्या: ४३

आज मिति २०७६।०९।१५ गते मंगलवार दिनको ८:०० बजे बेलबारी नगरपालिकाका नगर प्रमुख श्री ज्ञानेन्द्र सुवेदीज्यूको अध्यक्षतामा नगर कार्यपालिकाका तपशिल बमोजिमका पदाधिकारी र सदस्यहरुको उपस्थितिमा बैठक बस्यो ।

तपशिल

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री ज्ञानेन्द्र सुवेदी | प्रमुख | |
| २ | श्री ढाका कुमारी पराजुली | उपप्रमुख | |
| ३ | श्री चक्र बहादुर खुलाल | सदस्य | |
| ४ | श्री घनश्याम गौतम | सदस्य | |
| ५ | श्री योगेन्द्र प्रसाद सुवेदी | सदस्य | |
| ६ | श्री राम कुमार राई | सदस्य | |
| ७ | श्री विश्वबन्धु बस्नेत | सदस्य | |
| ८ | श्री उदय बहादुर राई | सदस्य | |
| ९ | श्री चेत बहादुर बस्नेत | सदस्य | |
| १० | श्री धनपति गौतम | सदस्य | |
| ११ | श्री नगेन्द्र खड्का | सदस्य | |
| १२ | श्री गंगा बहादुर याख्खा | सदस्य | |
| १३ | श्री यम बहादुर पोखरेल | सदस्य | |
| १४ | श्री खिनामाया थापा | सदस्य | |
| १५ | श्री गिता शिवा | सदस्य | |
| १६ | श्री बिन्दुकला गुरुङ्ग | सदस्य | |
| १७ | श्री सुनिता चौधरी | सदस्य | |
| १८ | श्री सुजना राजवंशी | सदस्य | |
| १९ | श्री गिता गिरी | सदस्य | |
| २० | श्री शिवनाथ धिमाल | सदस्य | |
| २१ | श्री धन बहादुर शिवा | सदस्य | |
| २२ | श्री प्रदिप शाह | सचिव | |
| | अन्य कर्मचारीहरु | | |
| | श्री महेन्द्र खड्का | अधिकृत सातौ | |
| | श्री धनमाया राई | अधिकृत सातौ | |
| | श्री झमक भटराई | अधिकृत छैटौ | |
| | श्री दिनेश खड्का | स.क.अपरेटर | |

१. नगर विकास कोषको ऋण सम्झौता र आईई प्रतिवेदन सम्बन्धमा ।
२. संघीय सरकारको शिक्षाको विशेष अनुदान कार्यक्रम सम्बन्धमा ।
३. संघीय तर्फ विशेष अनुदान र समपूरक अनुदान अन्तर्गत माग गर्ने योजनाहरु

- कोल्डस्टोर
- जनता आवास कार्यक्रम
- वडा नं. ३ को फुटवल स्टेडियम
- आई टी सेन्टर
- कृषि क्षेत्रको कार्यक्रम
- वडा कार्यालयको भवन ५ वटा

४. वडा नं. २, ३, ६ र १० स्वास्थ्य चौकी निर्माण र संचालन सम्बन्धमा
५. प्रमुखज्यूबाट स्वीकृत कार्यक्रमहरुको अनुमोदन सम्बन्धमा
६. मुसहर समुदायको अवस्था अध्ययन प्रतिवेदन तयारी गर्ने
७. ट्राफिक पोष्ट अ.स.ई र डिएसपी को दरवन्दी सम्बन्धमा ।
८. बेलबारी उद्योग बाणिज्य संघ बेलबारी १ नामको संस्था दर्ता
९. विभिन्न वडाहरुको योजना परिवर्तन सम्बन्धमा ।

विविध

१०. जनप्रेमी बचत तथा ऋण सहकारी संस्था बेलबारी ८ को विधान संशोधन सम्बन्धमा
११. सहजकर्ता छनौट सम्बन्धी कार्यविधि २०७६ को कोष संचालन वारे
१२. योजना संझौता अवधि थप गर्ने
१३. लागत सहभागीता सम्बन्धमा
१४. विभिन्न ठेक्का अनुमोदन
    क. विधुतीय सामाग्री खरिद
    ख. बारुणयन्त्र दमकल खरिद
१५. कर्मचारी नियूक्तिको अनुमोदन सम्बन्धमा
१६. भिजिट वर्ष २०२० सन्दर्भमा

निर्णय नं. १: बेलबारी नगरपालिकाको वडा नं. १ मा निर्माण हुने सपिङ्ग कम्प्लेक्स निर्माणको लागि प्रक्रिया अगाडी बढाईएकोमा नगर विकास कोषको मिति २०७६।०९।०६ को च.नं. ५४८ बमोजिम नगर विकास कोष काठमाण्डौसँग कुल लागतको ७० प्रतिशत सम्म ऋण सहयोगको लागि सम्झौता नगर प्रमुखज्यूबाट गर्ने साथै सो को आईई प्रतिवेदन समेत स्वीकृत गरि नगर विकास कोषमा पठाउने निर्णय गरियो ।

निर्णय नं. २: संघीय सरकारको शिक्षा क्षेत्रको विशेष अनुदानबाट संचालन हुने कार्यक्रमलाई बेलबारी नगरपालिकाको कार्यक्रम तालीका बमोजिम २ वर्ष भित्र सम्पन्न गर्ने साथै चालु आ.व.मा प्राप्त बजेटको कार्य योजना बनाई संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं. ३: बेलबारी नगरपालिकाबाट तयार भएका विभिन्न क्षेत्रका डिपिआर लगायत अध्ययन प्रतिवेदनका आधारमा तपशिल बमोजिमका योजनाहरु समपूरक र विशेष अनुदानबाट संचालन गर्नेको लागि संघीय सरकार समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

तपशिल

- कोल्डस्टोर
- जनता आवास कार्यक्रम
- वडा नं. ३ को फुटवल स्टेडियम
- आई टी सेन्टर
- कृषि क्षेत्रको कार्यक्रम
- वडा कार्यालय भवन ५ वटा

निर्णय नं. ४: बेलबारी नगरपालिकाको वडा नं. २, ३, ६ र १० मा स्वास्थ्य चौकी संचालनको लागि भवन निर्माणको कार्य अगाडी बढाउने साथै सो स्वास्थ्य चौकी संचालनका लागि आवश्यक कर्मचारीहरुको समायोजन गरि नपुग भएको अवस्थामा सेवा करारमा नियूक्ती गर्ने निर्णय गरियो ।

निर्णय नं. ५: नगर प्रमखज्यूबाट चालु आ.व.को नगरसभाबाट पारित विभिन्न शिर्षकहरुबाट तपशिल बमोजिमका योजना तथा कार्यक्रम स्वीकृत गरि संचालन भएकोमा अनुमोदन गर्ने निर्णय गरियो ।

क. सि.नं. ७५ अन्य सामाजिक क्षेत्र सुधार तर्फ

| क्र.स. | योजना कार्यक्रमको नाम | कार्यदिश मिति | रकम | कार्यदिश पाउनेको नाम |
|---|---|---|---|---|
| १ | तिज कार्यक्रम संचालन | २०७६-०६-१० | १५००० | देवेन्द्र ब. कार्की |
| २ | बेलबारी क्याम्पस शैक्षिक अवलोकन भ्रमण | २०७६-०६-०९ | ५०००० | बेलबारी बहुमुखी क्याम्पस बेलबारी |
| ३ | तिज विषेश कार्यक्रम | २०७६-०६-०९ | ४०००० | श्रमिक महिला समूह बेलबारी — १ |
| ४ | अति विपन्न करिया खर्च सहयोग | २०७६-०६-१० | १५००० | देउमान लिम्बु बेलबारी -२ |
| ५ | किरात राष्ट्रिय मुक्ति मोर्चा सहयोग | २०७६-०६-१२ | १८००० | किराती राष्ट्रिय मुक्ति मोर्चा काठमाण्डौ |
| ६ | दुर्गा पुजा भवती टोल विकास संस्था | २०७६-०६-१३ | ५०००० | भगवती टोल विकास संस्था बेलबारी-३ |
| ७ | रोमानिया अन्तराष्ट्रिय ओलम्पियाड सहभागिता सहयोग | २०७६-०६-१६ | ५०००० | नारायण प्र.आचार्य शिक्षक भवती मा.वि बेलबारी -३ |
| ८ | जितिया पर्व सहयोग बेलबारी ९ | २०७६-०६-०९ | ४०००० | मोहान गिरी ग्रामथान मर्मत उपभोक्ता समिति बेलबारी ९ |

| | | | | |
|---|---|---|---|---|
| ९ | श्री राधाकृष्ण मन्दिर पुजा कार्यक्रम सहयोग | २०७६-०६-०९ | २५००० | श्री राधाकृष्ण मन्दिर बेलबारी — ८ |
| १० | जितिया पर्व मनाउने थारु कल्याणकारीणी सभा | २०७६-०६-०९ | ४०००० | थारु कल्याणकारीणी सभा बेलबांरी ७ |
| ११ | अध्ययन सहयोग मिलिजुली टोल विकास संस्था बेलबारी ५ | २०७६-०६२७ | १५६०० | मिलिजुली टोल विकास संस्था बेलबारी ५ |
| १२ | श्री कल्पेश्वर शिव मन्दिर तिज कार्यक्रम | २०७६-०६-०९ | ४०००० | श्री कल्पेश्वर शिव मन्दिर बेलबारी ३ |
| १३ | श्री थारु कल्याणकारीणी सभा | २०७६-०६-०९ | ४०००० | श्री थारु कल्याणकारीणी सभा बेलबारी ५ |
| १४ | तीज विषेश कार्यक्रम शान्ती टोल विकास संस्था बेलबारी ९ | २०७६-०६-०६ | १५००० | शान्ती टोल विकास संस्था बेलबारी ९ |
| १५ | बेलबारी क्याम्पस शैक्षिक अवलोकन भ्रमण | २०७६-०६-०९ | १५००० | बेलबारी बहुमुखी क्याम्पस बेलबारी |
| १६ | जीतीया पर्व मनाउने , तीन खुटीया युवा क्लव बेलबारी ९ | २०७६-०६-०९ | ७५०००. | तीन खुटीया युवा क्लव( बेलबारी ९ ) |
| १७ | पुजा आराधना कार्यक्रम,राधाकृष्ण मन्दीर निर्माण तथा संरक्षण संस्था बेलबारी १ | २०७६-०६-०६ | १५०००. | राधाकृष्ण मन्दीर निर्माण तथा संरक्षण संस्था( बेलबारी १ ) |
| १८ | ओधौगीक तथा अनुसन्धान भ्रमण समिति २०७६,सुकुना बहुमुखी क्याम्पस | २०७६-०७-२१ | ६००००. | औधोगीक तथा अनुसन्धान भ्रमण समिति २०७६ ,सुकुना बहुमुखी क्याम्पस( सुन्दरहरैचा न.पा. ) |
| १९ | समा चखेवा विशेस थारु संस्कृतीक कार्यक्रम २०७६ | २०७६-०७-२६ | २५००००. | श्री थारु कल्याणकारीणी क्लव( बेलबारी ८ ) |
| २० | जीतीया पर्व २०७६ मनाउने,वाहुनी महीला समुह | २०७६-०७-०१ | २००००. | श्री मद भागवत धर्म प्रचार संस्था, केन्द्रय कार्यालय बेलबारी ७( बेलबारी ७ ) |
| २१ | जील्ला स्तरीय नागरीक सुनुवाई कार्यक्रम,ईलाका प्रहरी कार्यालय बेलबारी | २०७६-०७-२४ | १०००००. | ईलाका प्रहरी कार्यालय( बेलबारी ) |
| २२ | अध्ययन सहयोग , सन्तोष अधिकारी बेलबारी २ | २०७६-०८-०१ | २५०००. | ज्योती टोल विकास संस्था( बेलबारी २ ) |
| २३ | सहकारी ब्यवस्थापन सम्वन्धी पोस्ट ग्यांजुएट/लालीगुँरास साकोस बेलबारी ३ | २०७६-०८-१२ | १०००००. | लालीगुँरास बचत तथा ऋण सहकारी संस्था लिमलटेड( बेलबारी ३ ) |
| २४ | स्वयमं विकास व्यवस्थापन तथा क्षमता विकास तालीम सन्चालन,विराट सामुदायीक विकास केन्द्र ,काठमांडौ | २०७६-०८-२४ | २०००००. | विराट सामुदायीक विकास केन्द्र ,सुकेधारा काठमांडौ( सुकेधारा काठमांडौ ) |

२१६

| | | | | |
|---|---|---|---|---|
| २५ | जुरेली दर्शन पुस्तक विमर्श कार्यक्रम ,बेलबारी साहीत्य विकास समिति | २०७६-०८-०१ | २५००००. | बेलबारी साहीत्य विकास समिति( बेलबारी ,मोरङ ) |
| २६ | बृत्त चित्र सार्वजनीकीकरण तथ सम्मान कार्यक्रम | २०७६-०८-२४ | ३१०००. | मदनमोहनआश्रीतपुस्परत्न सांस्कृतीक भवन( बेलबारी ) |
| २७ | अध्ययन अवलोकन भ्रमण ,सुकुना बहुमुखी क्याम्पस | | ४००००. | |

ख. सि.नं. ६६ कार्यक्रम सम्मान पुरस्कार

| क्र.स. | योजना कार्यक्रमको नाम | कार्यदिश मिति | रकम | कार्यदिश पाउनेको नाम |
|---|---|---|---|---|
| १ | जेबी टुहुरे सांगितिक प्रस्तुती | २०७६-०६-१० | १००००० | जे.वि टुहुरे फाउण्डेसन काठमाण्डौ |
| २ | सांगीतीक कार्यक्रम सन्चालन,वनौल टोल विकास संस्था बेलबारी ६ | २०७६-०८-२४ | २५०००. | वनौल रामजानकी टोल विकास संस्था( बेलबारी ६ ) |
| ३ | पुर्वान्चल गट टयालेन्टमा सहभागीता ,सुदीक्षा भट्टराई , जागरुप टोल वीकास संस्था, बेलबारी ४ | २०७६-०८-२४ | १०००० | जागरुप टोल विकास संस्था( बेलबारी ४ ) |

ग. सि.नं. ७२ युवा तथा खेलकुद विकास

| क्र.स. | योजना कार्यक्रमको नाम | कार्यदिश मिति | रकम | कार्यदिश पाउनेको नाम |
|---|---|---|---|---|
| १ | डाँगिहाट अन्तराष्टय आमन्त्रण गोल्डकप २०७६ | २०७६-०६-१० | ५५१०००.०० | डागिहाट युथ कल्ब( बेलवारी ११ ) |
| २ | सखुवाटोली खुल्ला फटवल प्रतियोगिता | २०७६-०६-१० | ३५०००.०० | सखुवाटोली टोल विकास संस्था( बेलबारी ४ ) |
| ३ | फुटवल खेल सन्चालन ,त्रीवेणीपथ टोल वीकास संस्था बेलबारी १० | २०७६-०६-०६ | २५०००.०० | त्रीवेणीपथ टोल वीकास संस्था ( बेलबारी १० ) |
| ४ | तेश्रो डागीहाट गोल्डकप २०७६ | | ३०००००.०० | |
| ५ | फुटवल खेलमा सहभागीता ,धिमाल जातीय विकास केन्द्र बेलबारी | २०७६-०७-०१ | १०००००.०० | मैनावारी कृषि टोल विकास सस्था( बेलवारी न.पा.३ ) |

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| ६ | ब्याडमीन्टन खेलमा सहभागीता | | ७५०००.०० | |

घ. सि.नं. ७० एल्बम प्रकाशन

| क्र.स. | योजना कार्यक्रमको नाम | कार्यदिश मिति | रकम | कार्यदिश पाउनेको नाम |
|---|---|---|---|---|
| १ | हाइकु संग्रह प्रकासन ,बेलबारी साहीत्य विकास समिति | २०७६-०६-१० | १०००००. | बेलबारी साहीत्य विकास समिति( बेलबारी ,मोरङ ) |

ङ. सि.नं. ३८१ सिचाई

| क्र.स. | योजना कार्यक्रमको नाम | कार्यदिश मिति | रकम | कार्यदिश पाउनेको नाम |
|---|---|---|---|---|
| १ | श्री केशलिया बेलेबाध उपभोक्ता समिति बेलबारी ९ मोरङ | १०-०९-२०७६ | १००००० | |

निर्णय नं. ६: यस नगरक्षेत्रमा रहेका अति विपन्न वर्गका मुसहर समुदायको आर्थिक सामाजिक अवस्था सुधार गर्नको लागि मुसहर समुदायको अवस्था अध्ययन प्रतिवेदन तयारी गर्ने निर्णय गरियो ।

निर्णय नं. ७: बेलबारी नगरपालिका क्षेत्रमा ट्राफिक प्रहरी पोष्टमा स.ई.को कमाण्डमा संचालन हुने गरि साथै ईलाका प्रहरी कार्यालय बेलबारीको लागि डि.एस.पि.को दरबन्दी श्रृजना गरि व्यवस्थापन गर्नको लागि जिल्ला सुरक्षा समिति मोरङमा सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं. ८: वडा नं. १ को मिति २०७६।८।३० को सिफारिस अनुसार बेलबारी उद्योग बाणिज्य संघको विधान २०७५ स्वीकृत गरि बेलबारी उद्योग बाणिज्य संघ बेलबारी १ नामको संस्था दर्ता गर्ने निर्णय गरियो ।

निर्णय नं. ९: चालु आ.व.मा नगरसभाबाट स्वीकृत तपशिल बमोजिमका योजनाहरु विभिन्न कारणले कार्यान्वयन गर्न नसकिने भई सम्वन्धित वडाहरुबाट सिफारिस भए अनुसार उक्त योजनाहरु निम्न बमोजिम परिवर्तन गरि संचालन गर्ने निर्णय गरियो ।

## योजना परिवर्तन सम्बन्धी विवरण

| सि.नं. | नगरसभाबाट स्वीकृत योजनाको नाम | परिवर्तन गरिएको योजनाको नाम | कैफियत |
|---|---|---|---|
| ४१९ | प्रगितमार्ग ड्रेन निर्माण रु. ९०००००।०० | प्रगितमार्ग एजिङ्गवाल निर्माण रु. ९०००००।०० | वडा नं. २ को मिति २०७६।९।११ को सिफारिस |
| ४२२ | सजिलो मार्ग कल्भर्ट निर्माण रु. २०००००।०० | सजिलो मार्ग ड्रेन निर्माण रु. २०००००।०० | वडा नं. २ को मिति २०७६।९।८ को सिफारिस |
| ४३४ | भुमे डाडाँ टोल विकास संस्थापूर्व दक्षिण तर्फको वाटो ग्राभेल रु. ५००००।०० | भुमे डाडाँ टोल विकास संस्था पश्चिम दक्षिण तर्फको वाटो ग्राभेल रु. ५००००।०० | वडा नं. ३ को मिति २०७६।९।१३ को सिफारिस |
| ४२८ | कल्पेश्वर मन्दिर हुदै मालपोत मार्ग जोड्ने बाटो ड्रेन निर्माण सहितको कालोपत्रे रु.२५०००००।०० | कल्पेश्वर मन्दिर हुदै मालपोत मार्ग जोड्ने बाटो ड्रेन सहितको | वडा नं. ३ को मिति २०७६।९।१४ को सिफारिस |

२९८

| | | | |
|---|---|---|---|
| | | ब्लक बनाउने रु.२५०००००।०० | |
| ४३५ | मैनावारी टोल विकास संस्था बाबुराम सुवेदी घरछेउ बाटो ग्राभेल रु. ५००००।०० | मैनावारी टोल विकास संस्था बाबुराम सुवेदी घर दक्षिण पश्चिम ह्यूमपाइप कल्भर्ट निर्माण रु. ५००००।०० | वडा नं. वडा नं. ३ को मिति २०७६।९।१४ को सिफारिस |
| ४३८ | मबेशी हाट बजार दक्षिण जाने बाटो ग्राभेल रु. ५००००।०० | मबेशी हाट बजार दक्षिण जाने बाटो ड्रेन निर्माण रु. ५००००।०० | वडा नं. ३ को मिति २०७६।९।१४ को सिफारिस |
| १६८ | राष्ट्रिय योग दिवस/अन्तराष्ट्रिय योग दिवस/राष्ट्रिय आरोग्य तथा धनवन्तरी दिवस रु. १६५०००।०० | स्तनपायी आमाको लागि मातृशिशु सुरक्षानार्थ दुग्धवर्द्धक औषधी जडिवुटी वितरण | आयूर्वेद औषधालयको मिति २०७६।८।१२ को सिपारिस |
| १२ | सामाजिक सुरक्षा डेटा अध्यावधिक कार्य रु. २०००००।०० | सरकारी जमिनको लगत संकलन रु. २०००००।०० | प्रशासन शाखाको मिति २०७६।९।१३ को |
| २५५ | धिमाल टोल दुर्गा मन्दिर मर्मत रु. २०००००।०० | श्री महेन्द्र मा.वि.मर्मत बेलबारी १० रु. २०००००।०० | वडा नं. १० को २०७६।८।२२ को सिफारिस |
| २५३ | वडा नं. ९ को सि.नं. २५३ को कालि मा.वि.को भौतीक पूर्वाधार विस्तार कार्यक्रम हुनु पर्नेमा विस्तापित भएकोले सच्याईएको छ । | | |

विविध निर्णयहरु

**निर्णय नं. १०:** बेलबारी नगरपालिकामा अवस्थित जनप्रेमी बचत तथा ऋण सहकारी संस्था बेलबारी ८ को विनियम राज्य पुर्नसंरचना तथा बेलबारी नगरपालिकाको सहकारी ऐन २०७५ बमोजिम सुधार गर्नु पर्ने देखिएकोले तपशिल अनुसार हुने गरि संशोधन गर्ने निर्णय गरियो ।

| क्र.स. | हाल भईरहेको | संशोधन हुनुपर्ने | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|
| १ | विनियमको परिच्छेद १ को दफा २ मा भएको कार्यक्षेत्र बाहुनी र डागिहाट गा.वि.स. रहेको | विनियम परिच्छेद १ को दफा २ मा यस संस्थाको कार्यक्षेत्र बेलबारी न.पा. हुनुपर्ने । | राज्यको पुनर्रसंरचना भएकाले । |
| २ | विनियमको परिच्छेद ७ को दफा २९ को उपदफा ख मा साधरणसभाको गणपुरक संख्या कुल सदस्य संख्याको २५ प्रतिशत वा १३ जनामा जुन चाही बढी हुन्छ सोही मान्ने रहेको | विनियमको परिच्छेद ७ को दफा २९ को उपदफा ख मा साधरणसभाको गणपुरक संख्या तत्काल कायम रहेको कुल सदस्य संख्याको ५१ प्रतिशत हुनुपर्ने । | सहकारी ऐन २०७४ र नियमावली २०७५ अनुसार सशोधन गर्नुपर्ने भएकाले । |
| ३ | विनियमको परिच्छेद ८ को दफा ३३ मा सञ्चालक समितिको पदावधी ३ वर्ष रहको । | विनियमको परिच्छेद ८ को दफा ३३ मा सञ्चालक समितिको पदावधी ४ वष हुनुपर्ने । | सहकारी ऐन २०७४ र नियमावली २०७५ अनुसार संशोधन गर्नुपर्ने भएकाले । |
| ४ | विनियमको परिच्छेद १० को दफा २५ मा भएको खुद मुनाफाको २५ प्रतिशत जगेडा कोषमा छुट्याउने र बाँकी रहन आएको रकममा देहायको कोषमा खडा गरिएको छ । | विनियमको परिच्छेद १० को दफा २५ मा भएको कोषहरुको बाडफाड देहाय बमोजिम हुनुपर्ने छ । | सहकारी ऐन २०७४ र नियमावली २०७५ अनुसार संशोधन गर्नुपर्ने भएकाले । |

२८५/

| | | | |
|---|---|---|---|
| | शेयर लाभांस कोष ३०%<br>संरक्षित पुँजी फिर्ता कोष ३५ %<br>सदस्य शिक्षा कोष १०%<br>संस्था विकाश कोष ५%<br>घाटा पुर्ती कोष १५%<br>कर्मचारी बोनष कोष ५% | ➢ खुद बचतको कम्तीमा २५% जगेडा कोषमा छुट्याई बाँकी रहन आएको रकमलाई शतप्रतिशत मानी २५% संरक्षित पुँजी फिर्ता कोष र ०.५% सहकारी प्रवर्दन कोषमा लगिने र बाँकी रकमलाई देहायका कोषहरुमा बाँडाफाँड गर्नुपर्ने ।<br>कोषहरु — दर<br>शेयर लाभांस कोष ६०%<br>सहकारी शिक्षा ५%<br>सहकारी विकाश ५%<br>घाटा पुर्ती कोष ५%<br>कर्मचारी बोनश १५%<br>सामुदायिक विकाश ५%<br>अन्य जोखिम ५% | |
| ५ | विनियमको परिच्छेद –१, दफा –१ घ मा संस्थाको ठेगाना बाहुनी–९, राधानगर भएको । | विनियमको परिच्छेद –१, दफा –१ घ मा संस्थाको ठेगाना बेलबारी–८, राधानगर हुनुपर्ने । | राज्यको पुनर्रसंरचना भएकाले । |
| ६ | विनियमको परिच्छेद–१ दफा–४ को उपदफा २ को अनुसुची–१ मा संस्थाको छापमा बाहुनी–९, राधानगर भएको । | विनियमको परिच्छेद–१ दफा–४ को उपदफा २ को अनुसुची–१ मा संस्थाको छापमा बेलबारी–८, राधानगर हुनुपर्ने । | राज्यको पुनर्रसंरचना भएकाले । |

निर्णय नं. ११: बेलबारी नगरपालिका प्रदेश सरकार र करुणा फाउण्डेशन नेपालसँग साझेदारीमा सन्चालन हुने अपाङ्गता रोकथाम तथा पुनर्थापना कार्यक्रम संझौता र समुदायमा आधारित पुर्नस्थापना सहजकर्ता छनौट सम्बन्धी कार्यविधि २०७६ स्वीकृत गरि सो कार्यक्रम संचालनको लागि आवश्यक सहजकर्ताको छनौट गर्ने साथै समुदायमा आधारित पुर्नस्थापना कार्यक्रम संचालन कोषको नाममा खाता खोली प्रमुख प्रशासकीय अधिकृत र लेखा अधिकृतबाट खाता संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं. १२: चालु आ.व.को नगरसभाबाट स्वीकृत योजनाहरुको संझौता अवधि पौष १५ गते सम्म रहेकोमा सो समय भित्र कतिपय वडाहरुको लागत सहभागिता जुटाउनु पर्ने कारण केही योजनाहरुको संझौता हुन नसक्ने भएकोले पौष मसान्त सम्म समयवधि थप गर्ने र रु. २५ लाखको योजनाको हकमा माघ पहिलो हप्ता सम्म संझौताको समयवधि थप गर्ने निर्णय गरियो ।

निर्णय नं. १३: चालु आ.व.को नगरसभाबाट स्वीकृत नगर विकास योजना २०७६/०७७ को अनुसूचि २ (४) को बुदाँ नं. ४ लाई स्पष्ट गर्दै सडक ग्राभेल/माटोको काममा कुल लागतको न्यूनतम २० प्रतिशत लागत सहभागिता जुटाउनु पर्ने र पूल कल्भर्ट भवन र सिचाईको बाँध निर्माण जस्ता संरचनाको काममा कम्तिमा १० प्रतिशत जनश्रमदान जुटाउने निर्णय गरियो ।

निर्णय नं. १४: चालु आ.व.को नगरसभाबाट स्वीकृत कार्यक्रम बमोजिम बारुणयन्त्र (दमकल) खरिद क्याटल सपिङ्ग प्रक्रियाबाट भएकोमा मिति २०७६।८।२२ मा भएको निर्णय अनुसार सान्यो ईन्टरनेशनल प्रा.लि. पुतलिसडक काठमाण्डौको कबोल अंक रु. ५९,७४,९९९।०० र सार्वजानिक शिलबन्दी दरभाउपत्रको माध्यमबाट कार्यालयको लागि आवश्यक विधुतीय सामाग्री खरिद सम्बन्धी मिति २०८७।७।२० मा प्रकाशित सूचना बमोजिम नेस्कोटे ईन्टरनेशनल काठमाण्डौले कबोल अंक रु. १४,२१,९००।६६ मू.अ.कर बाहेकको ठेक्का स्वीकृत भई कार्यान्वयनमा रहेकोले दुबै ठेक्का प्रक्रिया अनुमोदन गर्ने निर्णय गरियो।

निर्णय नं. १५: यस नगरपालिकाको लागि राष्ट्रिय पंजीकरण विभाग काठमाण्डौबाट छोटो सूचि छनौट गरि सामाजिक सुरक्षा तथ्यांक व्यवस्थापन गर्न पठाएका साथै यस कार्यालयको लागि आवश्यक र लोकसेवा आयोगबाट सिफारिस भई आएका तपशिल बमोजिमका कर्मचारीहरु नियूक्त गरि कामकाजमा लगाईएको हुदाँ उक्त निर्णयहरुको अनुमोदन गर्ने निर्णय गरियो ।

क. पंजिकरण विभागले सिफारस गरेका यस कार्यालयको मिति २०७६।८।२ गते सिफारिस भई सेवा करारमा नियूक्त गरिएको ।

- एम.आई.एस. अपरेटर श्री मदन रायमाझी
- एम. एम.आई.एस. अपरेटर श्री कृष्ण न्यौपाने
- फिल्ड सहायक अपरेटर श्री रन्जु ढकाल

ख. सेवा करारमा आन्तरिक तर्फ पदपूर्ति समितिको मिति २०७६।०८।२० को सिफारिस बमोजिम नियूक्त गरिएको ।

- सहायक पाचौ (सब.ई.) श्री निर्मल रिजाल
- सहायक पाचौ (ल्याब असिष्टेन्ट) श्री सन्ध्या राई
- सहायक चौथो (अमिन) श्री रबिन खड्का र जनक ढुंगाना

ग. लोक सेवा आयोग धनकुटाबाट मिति २०७६।०९।०१ गते सिफारिस आएका कर्मचारीहरुलाई नियूक्त गरिएको ।

- सहायक पाचौ श्री राजेन्द्र खतिवडा
- "  " श्री संजोग राई
- "  " श्री रन्जना सुवेदी
- "  "श्री अभिषेक राई
- "  "श्री रोसन दाहाल

निर्णय नं. १६: भ्रमण वर्ष २०२० को सफलताको लागि यस नगरपालिकाले पर्यटन प्रवर्द्धन समिति गठन गरि विभिन्न राजनीतिक दल, नीजि क्षेत्र, गै.स.स., सामुदायिक वन, सामाजिक संघसंस्थासँग समन्वय र सहकार्य गर्दै वर्षैभरि विविध कार्यक्रम तर्जुमा गरि कार्यान्वयन गर्ने निर्णय गरियो ।